# सपनाको सुसेली

[ पद्य– कविता संग्रह ]

ऋषिराम न्यौपाने

# सपनाको सुसेली

[ पद्य कविता संग्रह ]

लेखक :

ऋषिराम न्यौपाने

२०४०, काठमाडौं

प्रकाशक :

केदारनाथ न्यौपाने

र

केशव प्रसाद न्यौपाने

चापागाउँ, ललितपुर

२०४० विजयादशमी

प्र. सं. १००० प्रति

**मूल्यः– ५।– रूपैयाँ**

मुद्रक : इन्दु छापाखाना, गावहाल, ललितपुर नेपाल

# परिचय

ऋषिराम न्यौपानेजीका केही कविता उहांकै मुखबाट सुन्न पाएं। जति सुन्न पाएं; त्यति नै बाट पनि के थाहा हुन्छ भने– कवि न्यौपानेका कवितामा छन्दको रचना स्वत: लय सिर्जना गर्ने खालको छ, शैलीमा प्रवाहमय सरलता छ, बिषयवस्तुको चयनमा साँस्कृतिक चेत, राष्ट्रिय स्वाभिमान र समाजप्रति समर्पणको भाव छ।

बीरमा गणना हुन्न लाखौं बीर जिते पनि
श्रेष्ठ बीर अहो हुन्छ आफैलाई जिते पछि।

❀

पिएँ तमाखू उखुतुल्य ठानी
पिएँ सुरा त्यो महृतुल्य मानी

❀

सुन्थ्यौं पुकार अति दीन मनुष्यताको
गर्थ्यौं सदैव कवि! चिन्तन उच्चताको
को भन्छ आज सुख वैभव त्यो कहाँ छ
आफू मिटाई अरुलाई दिनू जहाँ छ।

❀

वात्सल्यको लहर त्यो अब फर्कंदैन
जो अटिकयो हृदय त्यो अब जोडिंदैन

❀

यस्ता पङ्क्ति पढ्दा उहाँको आफ्नै खालको मनोहर काव्य प्रतिभा को परिचय पाइन्छ। यो प्रतिभा झन् झन् प्रस्फुटित हुदै जाओस् वाग्देवीसंग यही प्रार्थना गर्छु।

२४ पौष २०३९ –माधव घिमिरे

# मन्तव्य

श्रीऋषिराम न्यौपानेज्यूको यो कविता सङ्ग्रह मैले चाख लिएर पढें। कवि न्यौपानेज्यूको रुचि छन्दोबद्ध कवितातर्फ देखिन्छ। उहाँका यी लगभग ३ दर्जन कविताहरू विभिन्न छन्दहरूमा चह्राएका छन् र छन्द प्रवाह उहाँको कविताको वैशिष्ट्य पनि हो। प्रतिकूल मौसममा परी क्याटा फक्राउन नपाइरहेको नेपाली पद्य–कविताका बगैंचामा प्रशस्त उज्याला संभावनाका साथ कवि ऋषिराम न्यौपानेको यो कविता संग्रह देखा परेको छ। साधनापथमा निरन्तर लागि रहेमा उहाँको भविष्य चहकिलो देखिन्छ।

कवि ऋषिरामज्यू भानुभक्त, मोतीराम र लक्ष्मीप्रसाद जस्ता साहित्यिक विभूतिहरूबाट उत्प्रेरित भएको कुरा उहाँका "लक्ष्मीप्रसादप्रति", 'भानुको भावनामा' 'भानुप्रति' र "आँसीमा उदाएको चन्द्रमा" प्रति जस्ता कवितावाट चाल पाइन्छ। यसरी पूर्ववर्ती कविहरू प्रति श्रध्दाभाव राखी आफ्नै कविता–गोरेटो कोर्ने जुन प्रयास कवि ऋषिरामज्यूबाट गरिएको छ त्यो प्रशंसनीय छ। अग्रज साहित्यकारहरूप्रति श्रध्दा अनुभव नगरी कुनै पनि कवि आफ्ना कविता यात्रामा उत्प्रेरित हुँदैन।

कवि ऋषिराम न्यौपानेका प्रस्तुत सङ्ग्रहका कविता पढ्दा राष्ट्रियताको चेतना उहाँका कवितामा प्रचुर रूपमा सल्बलाएको अनुभव हुन्छ 'मेरो देश' 'श्री ५ पृथ्वीको सम्झनामा' 'सद्भावना' र 'शहीद प्रति' जस्ता कवितामा उहाँको राष्ट्रराग विशेष रूपमा सलबलाएको छ भने अन्य कविताहरूमा पनि राष्ट्रियताको पुट पर्याप्त मात्रामा परेको पाइन्छ।

त्यस्तै नेपाली समाजमा व्याप्त शोषण र विषमताको साथै दैन्य र पछौटेपनाले पनि कविको चेतनालाई पिरोलेका छन् र समाजको कसिङ्गरहरूको बढारकुँडार गरी न्यायपूर्ण र गतिशील समाजको रचना गर्ने प्रगतिवादी चेत पनि कवि ऋषिरामज्यूका कविताहरूमा सलबलाइरहेको भेटिन्छ। यस प्रसङ्गमा खास गरी भूमिपुत्रहरूका दैन्य र छटपटीका निश्वासलाई उहाले निकै नजीकबाट छोएको र अभिव्यक्ति दिएको पाइन्छ। 'सब आशा गयो' 'सबै गयो' 'मेरो सपना' र 'तीन टुक्रा' जस्ता कवितामा यो स्वर विशेष रूपमा सुनिन्छ।

कवि ऋषिरामका केही कविताहरू प्रकृतितर्फ पनि विशेषरूपमा आकर्षित देखिन्छन् । 'फूल', 'बादलले छोप्यो', 'फूल हुं', र 'मध्य रातमा कस्तो होला' जस्ता केही कवितामा प्रकृतिको दिग्दर्शन पाइन्छ र धेरै जस्तो प्रकृतिकविताले सामाजिक व्यन्जनातर्फ नै रुचि लिएको प्रतित हुन्छ ।

उहाँका केही कविताहरू वैयक्तिक जीवनका खास प्रसङ्गसंग पनि जोडिएका छन् । यस्ता कविताहरू मध्ये 'आमा' 'बिरामीको बिछ्यौनाबाट' र 'बच्दा' विशेष उल्लेखनीय देखिन्छन् ।

उहाँका केही कविताहरू नैतिक र आध्यात्मिक चेतद्वारा पनि उत्प्रेरित भएका छन् । समाजलाई र मनुष्य जीवनलाई आलोकमय पथतर्फ डोऱ्याउने चाहना यी कविताले राखेका छन् । यस्ता कविताका श्रेणीमा "कुन्तीको सन्देश" 'बुद्धको उपदेश' र 'सम्वाद' पर्दछन् ।

मोटामोटीमा कवि ऋषिराम न्यौपानेको अनुभव–जगतको धरातल उपर्युक्त विभिन्न प्रसङ्गहरूकै सेरोफेरो भित्र पर्दछ । छन्दोबद्ध रूपमा जीवन जगतका यिनै विभिन्न प्रसङ्गका भाव लहरलाई उहाँले आफ्ना कवितामा पोखेको पाइन्छ । यी कविता प्रवाहपूर्ण छन्, मीठा छन् अनि उज्याला पनि छन् । छन्द विधानमा, भावविन्यासमा, पद योजनामा र शिल्प संरचनामा कवि ऋषिरामको सामर्थ्यको पूर्वाभ्यासका साथै पूर्वाभासका सङ्केत पनि यी कविताबाट प्राप्त हुन्छ । भाव–परिपाक र अभिव्यक्ति कौशलका साथै छन्द, लालित्यको अझ अन्तर्विकास भई उहाँको कवित्वले परिमार्जित दीप्ति प्राप्त गर्ने मलिलो संभाव्यताको पूर्व साक्ष्य दिन समर्थ यी कविताहरूका स्रष्टा कवि ऋषिराम न्यौपाने चिल्लोपाते प्रतिभाको रूपमा यस संग्रहमा प्रकट भइरहेको म अनुभव गर्दछु । उहाँलाई सृजना कार्यमा अझ बढी लगनशीलताका साथ संलग्न रही भविष्यमा कविताका उच्च चुली तर्फका क्रमिक आरोहणका निम्ति ठोस प्रयास गर्न म निम्त्याउँछु । उहाँको कवित्वको परिपाक र परिमार्जन हुन सकेमा नेपाली पद्य कविताले अर्को समर्थ स्रष्टा पाउन सक्नेछ भन्ने मेरो धारणा छ

–वासुदेव त्रिपाठी

२०३९ मङ्सिर १ गते
बानेश्वर, काठमाण्डौ ।

# दुई कुरा

जीवन आँसु र हाँसोको सम्मिश्रण हो । जीवनमा सधैं सुख मात्र वा दुःख मात्र हुंदैन । सुखका सुसेली भन्दा दुःखका सुसेलीनै आउँछन् । तिनै सुसेलीहरूको यो एउटा सङ्कलन "सपनाको सुसेली" को रूपमा सहृदय पाठक समक्ष प्रस्तुत गर्दछु । सुझाव एवं समालोचनाको आशा गर्दछु ।

यस "सपनाको सुसेली" मा आफ्नो अमूल्य समय दिई परिचय लेखिदिनु-भएकोमा रा. प्र. प्र का उपकुलपति कविवर श्रीमाधव घिमिरेज्यू र सुझाव र प्रेरणासमेत दिई आफ्नो अमूल्य समयको पर्वाह नगरी मन्तव्यसमेत लेखि-दिनु भएकोमा डा. वासुदेव त्रिपाठी ज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

र पाण्डुलिपि टायप गरिदिने ज. ब. पं. ४ नं. निवासी दीपकबहादुर सिंहलाई धन्यवाद दिन्छु ।

— न्यौपाने

# विषय–सूची


१] लक्ष्मीप्रसादप्रति /१

२] सब आस गयो /३

३] गरीब /४

४] फूल /५

५] अपूर्ण सपना: तीन टुक्रा /६

६] बादलले छोप्यो /७

७] आमा /८

८] संझना /९

९] ढुँढेलो /१०

१०] भानुको भावना /११

११] भानु प्रति /१२

१२] मेरो देश /१३

१३] फूल हुँ /१४

१४] श्री ५ पृथ्वीको संझनामा /१५

१५] नछेक /१७

१६] कहाँ उषा प्रभातको ! /१८
१७] आँसीमा उदाएको चन्द्रमा /१९
१८] सबै गयो /२१
१९] अतिचार भो व्यभिचार भो /२३
२०] लतार्‍यो सबैलाई /२३
२१] बिरामीको बिछ्यौनाबाट /२४
२२] मेरो सपना /२६
२३] अष्ट दिक्पाल /२७
२४] मध्यरातमा कस्तो होला /२९
२५] सद्भावना /३०
२६] तीन टुक्रा /३१
२७] इच्छा /३२
२८] केही गन्थन: केही मन्थन /३३
२९] बिलौना /३५
३०] दुइ टुक्रा : सपना बिपना /३६
३१] श्रद्धा /३७
३२] शहीद प्रति /३९
३३] कुन्तीको सन्देश /४१
३४] पौरखको पथ /४२
३५] बुध्दको उपदेश /४३
३६] सम्बाद /४४

# लक्ष्मीप्रसादप्रति

लक्ष्मीप्रसाद ! कविता सरिता बनेर
बग्थ्यौ तिमी विविध काव्यहरू रचेर
तिम्रो थियो हृदय कोमल चित्त चंगा
बग्छिन् सदैव कविता रस रूप गंगा
तिम्रो थियो हृदय पावन दूध जस्तो
तिम्रो थियो गहन चिन्तन सिन्धु जस्तो
लेख्यौ अनन्त कविता र कथा निबन्ध
बिर्सी समस्त परिवार गृह प्रबन्ध
गायौ मुना मदनमा र सुलोचनामा
भित्री व्यथा बिरहका कटु यन्त्रणामा
लक्ष्मी ! लियौ पति नयाँ कृति छन् अनेक
गर्छन् सुधा सरस सिन्चन एक एक
पीडा खपी असहनीय अनेक बार
मिल्काउँथ्यौ तिमी सधैं घन अन्धकार
तिमो थियो रहर "दाल र भात डुकू"
काँचै छ त्यो रहर त्यै कविता म घोकुं
खेपेर दर्द दिलमा कवि, चूक जस्तो
तिमो मुहार तर निर्मल चन्द्र जस्तो
ती यादका दिन रहे अब शेष खाली
गाऊँ कथा बिरहमा कुर धून हाली
सोच्थ्यौ तिमी हृदयका सब भाव खारी
भन्थ्यौ "पवित्र परमेश्वर हो, भिखारी"
त्यो छैन अन्ततिर मन्दिर मूर्ति भित्र
त्यो हाँस्छ शुद्ध मनकै मुटु मर्म भित्र

सुन्थ्यौ पुकार अति दीन मनुष्यताको
गर्थ्यौ सदैव कवि ! चिन्तन उच्चताको
को भन्छ आज सुख वैभव त्यो कहाँछ
"आफू मिटाई अरूलाई दिनु ज्हाँ छ"

छाती चिरेर दुःखमा पनि मित्र भित्र
राख्थ्यौ तिमी हृदय कुन्ज सँधै पवित्र
को दिन्छ दिव्य उपदेश चुनी अनेक
"उद्देश्य के लिनु उडी छुनु चन्द्र एक"

इच्छा थियो सकलको दुःख दर्द मेट्ने
सारा रहस्यहरूको गहिराई भेट्ने
को मर्म खोल्छ मनको मनमा गुनेर
"त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर"

घुम्थ्यो सधैं घरभरी रिपुझैं अभाव
छेकिन्नथ्यो तर महाकविको प्रवाह
तिम्रा विचारहरू फूलसमान फुल्छन्
"उद्यानमा बस गई सब तत्व खुल्छन्"

हामी थियौं परम मूर्ख अचेत तुल्य
बेला बिते पछि चिन्यौं सपना अमूल्य
को दिन्छ पावन सुधा पद एक एक
"के हो ठूलो जगतमा पनि ना विवेक"

लक्ष्मी प्रसाद ! कविबन्धु अपार सिन्धु
साहित्यका गगनका परिपूर्ण इन्दु
श्रद्धा र भक्ति भरिई कविता बनाई
तिम्रा अमूल्य कृति पढ्छु सधैं रमाई

त्यो जिन्दगीभर तन्यौ घनघोर यत्न
साहित्य सागर थियो बहुमूल्य रत्न
तिम्रो छ शेष अब काव्य शरीर एक
नाशिन्न, टिक्तछ सधैं कविको विवेक

(२०३९ लक्ष्मीजयन्तीको अवसरमा
रेडियोनेपालद्वारा प्रसारित)

# सब आश गयो

चामल छैन कुनै घरमा
कसरी रहला अब जीवन यो
भाषण, भीषण मात्र भयो
उनके घरमा सब अन्न गयो

मेघ अभाव मयीय बढ्यो
दिनमा पनि भास्कर दूर भए
दर्द सुनाउन जाउँ कहाँ
विचरा दुनिया अझ दीन भए

आसन सूत्र समात्छ त्यहि
जसले पहिले छल–छाम गऱ्यो
शासन सूत्र समात्छ त्यही
जसले अरूको प्रथम बिन्दु हऱ्यो
अतम

हाय ! सुधामय जीवनमा
मनको गति ज्योति विलीन भयो
काल निकै बिकराल भयो
कसरी रहला अब जीवन यो

✲

# गरीब

अमीर बन्ने मन–भावना लियो
समीर चीसो, हिउँको ढिका पियो
असत्य बोलेन निको कुरा गऱ्यो
बिनी बिनी बीजन खेतमा छऱ्यो
खप्यो झरी बादल ओप रातको
सह्यो कडा घाम र शीत प्रातःको
परन्तु गेडा सब साहुकै भए
सबै पसीना अब व्यर्थमै गए
निकै जलायो मन आंत भोकले
रनक्क रन्क्यो सब अङ्ग कोपले
"फलाउने अन्न गरीब हुदैन
भण्डार भर्ने अरू, अन्न दिन्न म"
पुकार सुन्ने कुन, झन् निकालियो
बरा ! उसैको घर खेत पो गयो
समीर छोड्यो रसिलो हिमालको
पियो हवा ताल तमाल, शालको
बतास खायो असहाय घाममा
हतास खायो घन घोर रातमा
पियो घमीलो जल तुच्छ नालको
पुछ्यो अमीलो पसिना ललाटको
पियो हवा दूषित घाट घाटको
लियो सबै दूषण हाट हाटको
फिरेन शान्ति मनमा गरीबको
पुग्यो उ थाकी पदमै अमीरको
नशा नशा रक्त सुके शरीरका
प्रभा घटे शक्ति गले उमेरका
गरीबको पुत्र गरीब नै रह्यो
अमीरको पुत्र अमीर नै भयो

–×–

## फूल

मुसुक्क हाँसेर तिमी लजाई
हेर्छयौ ममा दृष्टिहरू फिजाई
भयौ तिमी गर्भवती प्रिया हे !
भविष्यको फूल सफा बनाए

बढेर त्यो फूल सुवास छर्ला
विरोध दुर्गन्ध यहां नपर्ला
गरेर जाला रचना नवीन
बनाउला बाग सधैं नवीन

✱

# अपूर्ण सपना : तीन टुक्रा

विर्सेर माया भरिलो उषाको
म लट्ठिएँ नक्कलमा निशाको
स्वप्नाहरू ढलमल गर्न थाले
म भासमा यो किन हाम फाले

पिएं तमाखू इखु तुल्य ठानी
पिएं सुरा त्यो महतुल्य मानी
नशा सुके शुष्क छ रक्त धारा
भए रहेका अब स्वप्न सारा

भुलेर बाटो वनमै हराएं
हताश मैं लक्ष्य संगै डराएं
बन्यो त्यसै जीवन चूर्ण चूर्ण
रहे अनेकौं सपना अपूर्ण

~

# बादलले छोप्यो

आकाशमा बादल टम्म छायो
लाली उषाको अब डगमगायो
दिग्भ्रान्त जस्तै मन यो डरायो
माधुर्य मुस्कान कहां हरायो

यो झूठ विज्ञापनको जमाना
प्रभातको छैन कहीं निशाना
व्यर्थैं 'गरे' स्वागत त्यो उषाको
अझै छ आतङ्क अहो ! निशाको

❋

# आमा

आमा ! मलाई मायाका घाम छायाहरू दिदै
देहमा शक्ति सिच्चेर स्वस्थ सुन्दर पार्नु भो

आमा ! शिक्षा दिई मेरो धुलो मयल फाल्नु भो
आशा राखेर छोराको दु:खमा पनि हास्नु भो

आंधी वेरी खपी आमा सुख पूर्वक पाल्नु भो
घाम पानी दुवै खेपी अनन्त सिर पाल्नु भो

आमा ! हुर्केर छोराले ती सारा गुण बिर्सियो
सुखको ठाउंमा धेरै दुख: दर्द हरू दियो

छोडेर प्रिय धर्ती यो पाढा नीद लिए पछि
आमाको गुण संझेर टुहुरो पुत्र रून्छ यो

※

## संझनामा

स्वदेशमा निको नभै तिमी विदेशमा गयौ
हुटेन जीर्ण रोग त्यो छिट्टै स्वेदेशमा फिऱ्यौ

लग्यो चुँडेर कालले तिमी ढल्यौ कठै वरा
सपूतका वियोगमा विदीर्ण छन् वसुन्धरा

तिमी गयौ गए पनि दिएर भावना गयौ
तिमी सपूत देशका बडा विचारका थियौ

※

# डढेंलो

आगो लाग्दा वन पखरमा उठ्छ तातो खरानी
पन्छी उड्छन् तर अरू सबै बन्न थाल्छन् खरानी

लाग्छन् काला घन गगनमा ज्योति हुन्छन् उदास
यात्री बन्छन् विजन वनका मार्गमा झन् हतास

धूवाँ हो वा उधुम नवको राहु हो ध्वंशकारी
पुच्छ्रे तारा कित प्रकृतिकै सर्व संहार कारी

मान्छे भन्छन् वन वन डढे हेर लाग्यो डढेंलो
देख्तैनन् यवँ तर मन डढे वेदनाको डढेंलो

※

# भानुको भावनामा

पृथ्वी नारायण अमर छन् राष्ट्र निर्माण गर्ने
मोरङ्गी थी कुसुमहरूको बागको सृष्टि गर्ने
रोशी कोशी कल कल गरी गाउँछन् गीत हाम्रा
मेची काली तल तल झरी लाउंछन् प्रीत राम्रा

वास्ना भन्दा पनि कुसुमको कीर्ति फैलिन्छ टाढा
जैले सम्मन् नभ र धरणी राख्लछन् स्नेह गाढा
सच्चा छोरो पतित त्यहिह्रो बांच्छ जो देशनिम्ति
बांधी बांधी अमर पगरी राख्छ जो शुभ्र कीर्ति

कूवा खन्छन् सरल दिलका भावनाबाट प्यासी
इच्छा जागी अमर यशको व्यू'झियो एक घासी
मेरा व्यर्थै दिन जुन गए ती अहो ! फर्कदैनन्
मान्छेलाई अजर क्षणले रोकिई पर्खदैनन्

वेग्ला वेग्लै घर घर यहाँ बोल्दछन् मातृ भाषा
नेपालीको मुटु मुटु छुने स्निग्ध यो राष्ट्र भाषा
यै भाषाले सुख र दु:खका भावना कोरिएलान्
काला धर्सा हृदयहरूका प्रातमा मेटिएलान्

व्यर्थै मेरा क्षणहरू बिते रचन केही नपाई
कस्ले केही सृजन नगरे संझला भानुलाई
यै हा वेला नव-सृजनाको गीतले पर्खदैन
बग्ने खोला जव बगि सक्यो वेग त्यो फर्कदैन

नेपालीमा मधुर कविता चट्ट पारेर लेख्छु
यै डोरेटो पछि पछि बढी फैलिने सत्य देख्छु
केही लेखे पछि कलमले भावना फैलिएला
पोटा झर्ना जब व्यू'ईझियो दूर त्यो वच्छ होला

※

# भानु प्रति

नेपालीमा सरल कविता चट्ट कोरेर भानु ?
झुल्कशौ ह्रास्रा गगन तलमा झुल्किए तुल्य भानु
तिम्रो शैली सरल लयले छन्दले देश छायो
ह म्रा प्यारा प्रथम कवि हे ! राष्ट्रले गीत पायो

लेखी रामायण अमर छौ भानुझैं भानु भक्त
तिम्रो ज्योतिर्मय कलमको धुक धुकी त्यो पवित्र
ह्राम्रा अन्तर नयन पटमा छौ तिमी ब्रह्म तुल्य
ज्योतिर्धारा अविरल छरी काव्य तिम्रो अमूल्य

तिम्रो काव्यामृत रस पिई हुर्किशो राष्ट्र भाषा
तिम्रै अर्ती पल पल पिई मेटिए क्षुद्र आशा
आस्था जाग्यो परम पदमा जिन्दगी भो पवित्र
कस्तो भावामृत भरि दियो काव्यका भिन्न भिन्न

*

# मेरो देश

उन्नत सेता शैल हुरूले
शोभित, प्यारो देश छ मेरो
पाटनलाई फूल हुरूले
झलझल पार्ने देश छ मेरो

फांटहरूमा उर्वर शक्ति
सैचंन गर्ने साम्र छ मेरो
जंगललाई मंगल पार्ने
गीत सुसेल्ने आंट छ मेरो

उन्नत संस्कृति वेदहुरूले
गौरव शाली देश छ मेरो
व्योम बिहारी लाखन पंछी
धारण गर्ने देश छ मेरो

वायु र पानी निर्मल बग्ने
शान्त सुशोभो देश छ मेरो
बौद्ध र हिन्दू धर्म अपाल्ने
सुन्दर शान्त देश छ मेरो

देवल, देवी, देव हुरूले
पावन दायी देश छ मेरो
दुश्मनलाई सोत्तर पार्ने
साधन बुद्धि हेर छ मेरो

ज्योती उकेली झल्झल पार्ने
निर्झर बग्ने देश छ मेरो
नूतन सृष्टि सिर्जन गर्ने
ठाउँ छ मेरो गाउं छ मेरो

सुन्दरताको ज्योति समेट्नै
जीवन दायी देश छ मेरो

# फूल हुं

फूल हुँ साथी ! हृदय छ दरिलो
लिन्छु म कोमल सरल विचार
छर्छु म मीठो मग मग गर्ने
वास, तिमी गह सजल नपार

फुल्दछु सारा वन–उपवनमा
भेद म राख्तिन सब सम मान्छु
जीवन जाओस् कठिन शिशिरमा
बीज वचाई कन म रहन्छु

खान्न म आफैं फल, छल–बलले,
वायु मनोहर घर घर छर्छु
वन्धन थोत्रा बिधिमय म चुंडी
पावन पावन तन मन राख्छु

नश्वर मेरो तनतिर नभुली
नत्र महामन अविरल बन्छु
फूल हु साथी ! पर घर म डुली
भाव म भर्दछु फुल बल लिन्छु

✱

# श्री ५ पृथ्वीको संझनामा

यै माटोमा अनल जलमा वायुमा वेद जन्म्यो
दिव्य–छाया संग संग यहाँ देश नेपाल जन्म्यो
पुर्खा जन्मे अतिशयवली शील–सौन्दर्य शाली
बोके झण्डा रवि शशि सधैं चंकिने कीर्तिशाली
टेकी टेकी शिव चरणले शैल हाम्रा पवित्र
पैलो झुल्का उदय गिरिमा खेल्छ नेपाल भित्र
पुर्खा हाम्रा युग युग जयी दिव्य संगीत भर्थे
हाँसी हाँसी अभय मनले राष्ट्रका निम्ति मर्थे
पुर्खा भन्थे युग युग भरी देश यो बढ्नु पर्छ
भन्थे हाँसी युवक युवती देश यो बढ्नु पर्छ
देख्ता गाला रगत चुहिने हार खान्थे गुरास
कांपी कांपी हृदय रिपुको नित्य हुन्थ्यो निराश
त्यस्ता भाका पर पर गए आज सारा तमासे
ज्वाला निस्क्यो गृह कलहको दन्कियो एक नाशे
आफू भित्रै छल कपटले जेलिए तंत्र मंत्र
खुम्च्यो छाती खल बल गरी बिर्सिई मूल मंत्र
मान्छे जन्मे अधम, भडुवा देश घाती अनेक
पक्री बाटो पतन तिरको मासिए एक एक
जाती पाती नउ घरि भए काटियो नाक हाम्रो
टुक्रा टुक्रा गृह कलहले आज भो देश हाम्रो
चल्लु हेर्छन् अवसर यही गिद्ध दृष्टि लगाई
आँखा चिम्ली अव त नहिडौं घोच्छ कांडा पलाई
फालौं मैलो गृह कलहको पूर्ण धोएर दाग
यै थालामा अन्न पनिचले देश बन्ला अभाग

भाला, बर्छा सहित खुकुरी शत्रुका हात पर्ला
गंगै गङ्गा सलल बहने देश नेपाल मर्ला

सोचौं हामी मन मन सबै, देशको पर्त टालौं
मान्छे बस्दै सकल दिलमा भावना दीप बालौं

बोकौं आफै सबल करले देशको एक झांकी
टाढा भाग्छन् रिपु ग्रह दशा वीर देखेर बाँकी

हाम्रै हेरौं धवल हिउंका टाकुराका स्वरूप
राम्रा छन् यी युवक युवती मानिने देवरूप

हावा होऊँ रगत पसिना देशमा नै बगाऊं
यौटै झण्डा मनि सकलको शान्तिलाई सजाउं

टुक्रा टुक्रा अब हुन गए देश हाम्रा रहन्न
बत्ती बाले गहन वनमा रात बांकी रहन्न

जागा हुन्छन् गहन निशिमा कर्मयोगी उठेर
नेपालीको प्रगति पतिलो हुन्न कैल्यै सुतेर

इच्छा राखौं मन-मन सधैं राष्ट्र निर्माण गर्ने
हामी होऊँ सहृदय सधैं शान्ति सञ्चार गर्ने

नेपालीको धवल गिरि यो देश साँचेर नाचौं
आई लागे पनि मरणको चिन्ह हाँसेर बाँचौं

फालौं सारा गृह कलहको राप पार्ने हिरिक्क
वैरी लाई सब तिर धुरी पार्न तम्सौं मिरिक्क

※

# नछेक

नछेक अब मार्ग त्यो तिमी
लिदैन मनमा कुनै पनि
गए हाव–भाव देखुका
अब तिम्रा मन्द–गामिनी ?

म जान्छु अब जान द्यौ तिमी
न झार अब आंसुका ढिका
गए मन्द वासनाहरू
कुन गर्ला मान यामिनी ?

खुलेर अब आउछिन् उषा
नयाँ सरल भावना छरी
सबैं हृदय छन् कुजातका
बुझ काला काम कामिनी ?

※

# कहाँ उषा प्रभातको !

बने उदार ऐनका
नयाँ नयां दफाहरू
हटेर जात भातका
गए सबै कुरा हरू !

भए प्रशस्त ऐनमा
सुधारका कुराहरू
हटेर भेदका कुरा
उठे पिपीलिकाहरू ?

बढी रहेछ झन् कडा
विशाल वेग रातको
कहां छ सूर्यको छटा
कहां उषा प्रभातको ?

※

# औंसीमा उदाएको चन्द्रमाप्रति

औंसीमा पनि चन्द्रकै सरलमा मोती ! तिमी झुल्कियौ
औंसीकै दिनमै गए पनि तिमी मोती ! अझै झल्कियौ
नेपाली लय भावना र रसिलो भाषा सगाँली गयौ
नेपालीहरूको निमित्त छविको बाटो उघारी गयौ

तिम्रै भव्य प्रचारका चहकमा भानु उज्याला भए
तिम्रै शार्गिक छन्दका लहरमा साहित्य धारा बहे
पायो नाटक देशले गजलको बाटो बनाई दियौ
अल्प्यौ यौवनमै परन्तु कतिको आभा फिजाई गयौ

नेपाली दिलमा युवा कवि तिमी झुल्का बनी छल्कियौ
नेपाली नभमा सधैं चहकिलो आभा बनी टल्कियौ
तिम्रो शेष छ काव्य देह दिलमा रलिन्छ तिम्रै छवि
"पुग्दैनन् जुन ठाउँमा रवि, त्यहाँ पुग्छन् छिटै सत् कवि"

अस्ताए पनि भानु भक्त उनको आभा बढाई दियौ
लेख्यौ सुन्दर जीवनी र उनको गाथा सुनाई दियौ
वाणीका पथमा हिँड्यौ अटल भै छर्दै उज्याला छिन
मोती राम पवित्र नाम मनले संझौं अहो ! छिन् छिन

पैलो गुञ्जन बैंसको मिलनको उल्लास पैलो तिमी
मोती हे ! प्रणयी व्यथा-विरहको निश्वास पैलो तिमी
छातीका अनमोल रत्नहरूका माला तिमी सुन्दर
नेपाली दिलदारका प्रणयको पैलो तिमी निर्झर

तिम्रै हार्दिक ज्योतिका चहकमा भाषा फुलेको छ यो
नेपाली तरूणी तथा तरुणका भाका फिरेको छ यो
तिम्रा संस्मरणीय देनहरूको प्यारो छ यो सम्झना
मेरा हार्दिक भाव-पुष्पहरूको सानो छ यो अर्चना

मोती ! जीवित छौ तिमी जुगभरी जीवन्त तिम्रा कृति
मोती ! मूर्तित छौ तिमी रसिकका छाती भरी छन् स्मृति
छौ चारैतिर काव्यमा अमर भै बाँचीरहेका तिमी
हाम्रा भावुक चित्त भित्र अझ छौ नाचीरहेका तिमी

तिम्रो काव्य शरीरका सँग सँगै मूर्तिन्छ त्यो जीवनी
के लेखौं सरसाउँदो दिल लिई रोकिन्छ यो लेखनी
तिम्रो सुन्दर संझिऊँ रहरिलो साहित्य–रत्नावली
श्रद्धाका मृदु संझना- कुसुमको स्वीकार श्रद्धाञ्जली

※

# सबै गयो

घन छैन गयो तन छैन गयो
तमका बीचमा सुख चैन गयो
मन मान गयो दुःख भ्रान्ति भयो
सब मानवता नय नीति गयो

घरबार गयो खलका पदमा
असहाय भई अहिले म परें
अब जाउँ कहाँ कुन मार्ग लिई
नगए उनकै पदमा म परें

करकप गरी छल छाम गरी
अपमान गरी मनमौज गरें
मयत्रास लिई उनकै पदमा
अहिले तक ओईलिदै म परें

अब जीवनको किन आखिरमा
म परौं उनका ननिका पदमा
अब लिन्छु नयाँ गति, शक्तिहरू
तब टेक्तछु मैं खलका शिरमा

*

# अतिचार भो व्यभिचार भो

छल छामले पहिले जित्यो अहिले सबै धनमा मुत्यो
घन मामले अति अन्ध मै सब आशाका लहरा बिल्यो
सब शान्तिका लहरा सुके सब कान्तिका छहरा सुके
अब भो भयो अतिचार भो सब काममा व्यभिचार भो

ननिका निकं घटना घटे घरका निका सुषमा हटे
दिन नै निशा सरिका भए करुणा, दया, ममता गए
अनिकालका वशमा परी अनि शोक खाडलमा झरी
अब भो भयो अतिचार भो सब ठाउँमा व्यभिचार भो

ननिका निकै भुँवरी उठे मनका उषा मन मै सुते
लहरै बढे हट भटिकए मनमा कडा व्रण थपिए
सब चूप चाप बस्यौं यहाँ तमको छटा अरू फैलियो
अब भो भयो अतिचार भो सब गाउँमा व्यभिचार भो

×

# लतार्‍यो सबैलाई

सबैले बनाए सफा खेत बारी
भए बीज राम्रा हरिया तयारी
तयारी गरे पूर्ण रोपाई गर्नँ
नपाएर पानी भए बीज भर्नें

थियो शून्य आकाश शोभा बिहीन
भए चेहरा लोकका दीन हीन
अहो ! दैवले लात हानी पछार्‍यो
कहाँ मौसमी मेघलाई लतार्‍यो

लतार्‍यो सबैलाई आशा हराए
पसिना त्यसै मृत्तिकामा बिलाए
बिलायो सबै मेघ आषाढ भर्नँ
भयो खान सम्मै नपाएर मर्नें

×

# बिरामीको विछ्यौनाबाट

मेरा कान्ति गए गला पनि सुक्यो आँखा भए बन्द झैं
चर्क्यो छाती चिरिकन बाण मुटुमा लाग्यो गड्यो शूल झैं
लागे काम्न घूँडा गलेर पिर्डुला पाप्रा परे ओठमा
सारा शान्ति सुकेर बाल बिधुवा झैं पल्टिएं खाटमा

छामें यो मुटुंलाई तर्र पसिना आयो बढ्यो धड्कन
आसुँ केवल प्यासमा पिई बसें घटदैं गयो स्पन्दन
लाग्यो चार दिशातिरै हर घडि अङ्गार बर्सेसरि
संझन्थें अनि कालले मकन नै आएर घेरे सरि

बोक्सीले पहिले थिची छल गरी आएर रात्री चरो
मेरो यो मुटुका घडा रगतका ह्रांसी पिई वेसरी
सारा अङ्ग डसे चुसे खडुसले उल्टेर रातो दिन
साखा सम्म हपार्दथे अघिसरी गर्दै हुरे भुन् भुन

फाल्ने कोशिसमा म तत्पर भई उठ्थें भने ढल्दथें
मेरो यौवन स्वर्णकाल जननी ? व्यर्थै गए गुन्दथें
बौलाएर कराउथे कुकुर झन् अह्याउदै रातका
कक्किन्थें अरू वायले शयन भै औंला गनि हातका

त्यो बेला मुखमा उदास, गहमा आसू लिई बस्तथ्यौ
मेरो जीवनका निमित्त दिलमा चिन्ता अझं झेल्दथ्यौ
हेर्थ्यौ कोकिकइदै कठै! पुलु पुलु रुन्चे लगाई मुख
संझन्थें असमर्थ भै अरु दिएँ चिन्ता अनेकौ दुःख

तिम्रा अङ्ग लुछें, चुडें अति दिएँ संकट नाना थरी
छोडाले दूधका झिके तरङ्ग सर्वस्व तिम्रा हरी
माछो झैं तटको तथापि म रहें पंछी पखेटा बिना
मूर्दा झैं अथवा ढले ढलिरहें झंकार वीणाबीना

ए आमा! अब शान्तिका कणहरू आए कुनै अङ्गमा
केही कण्ठ रसाउँदै अब मिल्यो सामर्थ्य आवाजमा
चल्ने छन् सब हात पाऊ बलिया मेरा उठौंला अब
तिम्रा ती मनका व्यथा नजरका आंसु पुछौंला सब

बोक्सीको पहिले तताई पनिऊ डामेर गाला छिटै
ढाडेको पछि सेकूँला म जननी! थाप्लो ढडेको छिटै
ती छन् भाग्न तयार व्यग्र मनले आफै भई ढुन्मुन
खोगाएर म राखुँला पछि सबै तिम्रा सुनौला बन

हाम्रो छटपटि मेटिने छ, मुखको पाप्रा कलेटी पनि
हेरौली बलियो बने पछि तिमो पाएछु छोरा भनी
तिम्रै दूध पिई पिई रगतका थोपा बन्यो जीवन
भारा तिर्दछु पुत्र हुं अब छिटै आमा? भई कन्चन

×

[ प्रतीक प्रवेशाङ्क २०३७ मा प्रकाशित ]

# मेरो सपना

व्योमलाई जहाँ छुन्छ जुहार दरबारको
त्यहाँ सम्म पुगोस् गीत सपनाको दरिद्रको
पुष्पको नाममा पाती के टक्र्याऊँ प्रजापति ?
सपना रातको मेरो चढाउंछु समस्त ती

×

# अष्ट दिक्पाल प्रति

खोस्यो भाइसंग पनि सुधा साथ पँले मिलाई
पाऱ्यौ सारा जपतपहरू भङ्ग रम्भा पठाई
यस्तै गर्छौ अब पनि भने पेचिलो काम काज
तिम्रो पूजा म किन गरूंला स्वर्गका देवराज ?

भाँच्छौ सोझो रुख र कलिलो फूलको डाँठ लाई
भाग्छौं देखि गिरि शिखरको उग्र पाषाण लाई
जानें तिम्रो सकल बलको ताल उल्टो अधीर
तिम्रो पूजा म किन गरूंला व्योमका ए समीर

बूढा छोडी शिशु र कलिला बालिकालाई मारी
न्यायी बन्छौ बिधुर विधवा माथि अन्याय पारी
तीता, टर्रा अनि विषमता पूर्ण छन् काम काज
तिम्रो पूजा म किन गरुँला व्यर्थमा धर्मराज ?

पोखी मैले मृदु किरण त्यो स्निग्ध पाहारी पारी
चर्की पोल्छौ मुटु पछि तिमी रापिलो घाम झारी
के भन्नें खैं ! अबुझ म भएँ सूर्य ! आकाश वासी
तिम्रो पूजा म किन गरूँला दीन धर्ती निवासी

सुख्खा खोला तरु तृणहरू पारिदिन्छौ सखाप
ज्वाले ज्वालामय लपटले पार्दछौ बिश्व साफ
थोपा थोपा जल, तल झरे निम्दछौ तिलिमलाई
तिम्रो पूजा म किन गरूँला अग्नि ? व्यर्थै डराई

झुप्रा झाप्री घर तिमिरका आँसुमा नित्य डुब्छन्
टाठा बाठा शहर घरमा तारका पङ्क्ति बाल्छन्
हेर्दैनौ हे वरूण? धरणीलाई माया गरेर
तिम्रो पूजा म किन गरूँला बाढमा डुब्तिएर

माग्छौ छोरी अब नि तलका दक्षका हातबाट
गर्छौ माया तर अबुझ भैं रेवती एक साथ
तारा रून्छन् अरू यदि भने चन्द्र ? आकाशवासी
तिम्रो पुजा म किन गरूँला भूमिको आदि वासी

लाटा रुन्छन् धुरु धुरु सधैं पेट रित्तो दबाई
बाठा हुन्छन् धन पति यहाँ स्वर्ण धारा लगाई
तिम्रो यस्तै यदि छ करुणा भाग मेरो कुबेर ?
तिम्रो पूजा म किन गरूँला पेट रित्तो गरेर

आस्था तिम्रो युग युग गरी भोगियो घाम पानी
मानों तिम्रै जप तप गरी रित्तियो जिन्दगानी
मेरो मान्ला मन कसरी यो विश्वप्रासादवासी ?
तिम्रो पूजा म किन गरूँला झोपडीको निवासी

# मध्यरातमा कस्तो होला

संध्या आई वनचरहरू बिग् बिगी गर्न थाले
सेता राता कुसुमहरूका कोपिला झर्न थाले
आमा रोइन् सब कुसुमको हाल देखेर त्यस्तो
संध्यामा यो हविगत भए रातमा हुन्छ कस्तो

मान्छे रोए सकल मलिना देखिए शैल राम्रा
पुर्खौलीका बल र प्रतिभा छेकिए उच्च हाम्रा
बाचेका छौं तर पनि सबै वेदना बिर्सिएर
फूल्ला राम्रो फुल पछि भनी आशमा अल्झिएर

पाए सास्ती किन सुजनले दुष्टले लाभ पाए
राम्रो गर्ने सकल जनको सन्तले हार खाए
छैनन् कोही पनि भुवनमा शोक सन्ताप हेर्ने
पृथ्वीलाई फल कुसुमले आज आएर भर्ने

❁

# सद्भावना

हामी नित्य हिंडौं, बढौं समयको आह्वानका मार्गमा
हामी व्यस्त बनौं अनन्त सुखको निर्माण सन्दर्भमा
हामी भूल अतीतमा जति भए छोडौं यसै वर्षमा
हामी स्वच्छ भएर नै कदम यो राखौं नयाँ वर्षमा

थोटा होइन लाख लाख दिलको साकार होस् कामना
लाखौं लाख गरीबका नजरमा आओस् उज्यालोपना
भागोस् भोक दरिद्रता सकलको चित्कार औ क्रन्दन
नेपाली सब चंकियुन् चह्किला रेखा सङ्गालीकन

थोटा आँट लिउँ जुटौं सबजना फालौं पछौटेपन
यै राम्रो नव वर्षमा उदय होस् सद्भावना साधन
मेटी राप र ताप शीतल घटा वर्षोस् नयाँ वर्षमा
यो नेपाल पुगोस् नयाँ प्रगतिले स्वर्गीय उत्कर्षमा।

(मालिङ्गो वर्ष १ अङ्क ३ मा प्रकाशित)

×

# तीन टुक्रा

पहिलै धानका बाला झुल्दैछन् आज फाँटमा
खेल्छ उल्लासको पीडा, कोही सम्पन्न हाटमा
गरीब विचरा रुन्छन् पेट छामेर हातले
ऐन कानूनका आँखा छोप्छ आएर रातले

रातमा झार्दछिन् आँसू देवी प्रकृति दर्द यो
निष्ठुरी तर देख्तैन शीतको विन्दु रातको
उषा के मुस्कुराउन्नन् अब आकाशमा डुली ?
धर्तिमा कहिल्यै हुन्न विहान अब के भुली ?

फूलको कोपिला सुक्छन् चिया पसलमा झरी
आमा विरहमा रुन्छिन् छोरा संझी मरी मरी
स्वप्ना कमलले देख्छ रातमा बाल सूर्यको
तुहिन्छ नहुँदै प्रात: स्वप्न त्यो मध्य रातको

✿

# इच्छा

सफा यात्री होऊ सरल जन साहित्य नभमा
उदाएका इच्छा अनुभव फलाऊन् कलममा
हजारौं फक्रेका कुसुममय हुन् ती उपवन
छदाउन् आँखामा चहक, अति राम्रा मन मन

रहोस् चोखो चोको रहर मनको सर्वजनको
गरौं सेवा भन्ने प्रतिदिन खुलेको हृदयको
हिमाली आभा ली हिम शिखरमा जाउँ म छडी
म भन्ने बोक्रे त्यो महल तिर त्यो व्यर्थ नबुडी

म पाऊँ टेवा क्यै विबुध जनको सम्मति पनि
भत्क्याऊं मायाको महल, ममताको जग पनि
खुलुन् मेरा भित्री नयन, पर भागोस् कलुषता
फुलुन् साना नानी, अधर पर जाओस् परुषता

भिजौं यै माटोमा अमरगण गाउंन् डुली डुली
नजाउँ बिर्सेरं पर मुलुक यो देश म भुली
छ यै इच्छा मेरो समतल बनाऊं भुवन यो
गलाऊं हड्डी यो सहृदय बहाऊं रगत यो

## केही गन्थन : केही मन्थन

अहहा ! शिशिरे जाडो काँडा तुल्य भई बिज्यो
ओसिलो साँझको शीत झरीले टाउको भिज्यो
असमर्थ भए फुल्न कलिला फूलका थुँगा
सुनौला मनका आशा चुँडिए ज्योतिका मुगा

रोकियो रसिलो कण्ठ हात गोडा कठ्याङ्ग्रिए
टाढा रमाइला मेरा सुनौला सपना गए
रोकियो झरझले आभा हरायो अन्धकारमा
मर्यादा चाइने छैन चाहिने व्यवहारमा

वज्रको चोटले धर्ती लाई जब पिरोल्दछ
कसरी सुखको निद्रा आँखामा झुल्न सक्दछ ?
आसुरी शब्दले चर्को कानको जालि फुट्दछ
रात्रीको मलले रातो तातो रगत सुक्त छ ।

मेरो यो वेदनालाई बुझ्ने मानिस को छ र !
शशीको कान्ति झैं लाग्छ खालि टाढा कतातिर
"मान्छेको मुक्तिको ढोका निशामा बन्द" भो भनी
उडियाँ भुसुना टोक्छन् स्वर्ण मौका मिल्यो भनी

दुर्गन्ध नालिको बोकी हावा ल्याएर छर्दछ
कोठाको मधुरो मेरो पानसै सम्म मर्दछ
झरिलो भरिलो मेरो आत्मा रून्छ बराबर
गर्दछन् खाउँला जस्तै फ्याउरा, स्याल कुक्कुर

बिलौना आँसुमा झर्छन् मूल्य बुझ्दैन मानिस
चमेरा रातमा उड्ने बन्दछन् अरू आरिस
कसरी चेतना बीज छर्छ आई प्रभातले !
मलाई मन यै मेरो प्रश्न गर्दछ ओडले

आउनेछ छिटै भन्छु प्रभात माधुरी छरी
बलबान भए हामी काम माग्दछ आसुरी
म यौटा व्यष्टिमा बिन्दु नेपाली शक्ति सिन्धुको
समष्टिमा मनें हुन्छु शक्ति सागर देशको
सिन्धुको बिन्दु झैं सुक्ने हैन फोका फुटेर म
लाखौं लहरमा बग्छु छाल बन्दै जुटेर म
गम्भीर म बने देखिन् डुबुल्की मार्न सक्छ को
बडवानलको ज्योति लघार्न मार्न सक्त को

निशाको लालिमालाई सझो केवल हुन्न हैं
छरौं सिन्दूर धर्तिमा बलिदान स्वयं भई
लगाउं हाड छाला यो सुकाउं रक्त देहको
निर्माण म गरू आफैं प्यारो नेपाल देशको

रातो रगत पोखेर पिताले देश आर्जिए
सुश्रूषा र सुरक्षाको मलाई भार सुम्पिए
आमाले सिउंदोबाट पखालिन् सब सिन्दुर
प्यारो नेपालको लागी भएर आत्म निर्भर

दिदी बहिनीले त्यागे चुरा, पोते र सिन्दुर
वैरीको हमलालाई गरे छि: छि: र दुदुर
दाजु भाई गए टाढा जय घोष मनाउदै
जमाए देशको धाक नेपालीत्व जगाउँदै

संझना कल्पना मात्रै गरेर हुन्न क्यै कुरा
डटेर काममा लागे मात्रै पुग्छ सबै कुरा
बिसिन्न गुरुको खानी कहिल्यै म मरे पनि
बिसिए शव झैं हुन्छु सास फेरी रहे पनि

✱

# बिलौना

अभागी मेरो यो वचन अब सुन्ने कुन छ र !
भए हामी भन्ने जन जति थिए ती पर पर
अहम्का मेरा ती विगुल नगरा बन्द सब छन्
कता जाउँ सारा मन, नयन मेरा शिथिल छन्

बरें मैंले पैंले जति जति इरादा विफल भो
भयो मेरो आफ्नै अगति, मति मेरो विकल भो
भयो आफ्नो भन्ने अरुचिकर त्यो जून जुन थ्यो
गयो टाढा टाढा सुरुचिकर त्यो ऊन जुन थ्यो

धनी सामन्तीको तनय म भएँ हाय ! पहिले
खुनी दागी भन्छन् सकल जन हाँसेर अहिले
म जन्मी धर्तीमा अब त धनको दास म भई
तपस्या गर्नेछु घर घर घुमी तापस भई

×

# दुई टुक्रा : सपना विपना

सपना:–

झिल् झिके तासको टोपी पुरानै म लगाउँछु
नयाँ सुहाउने छैन किन त्यो म रुचाउँछु
रूचाउँ अहिले मेरो भविष्य विग्रिइन्छ हेँ
पुरानै टोपी लाएर हिड्छु को हेर्न सक्छ खै

प्यारा दौंतर छन् मेरा दिनेछन् सबंदा भर
नयाँ टोपी भनी हिड्नै लाग्लान् बाटो स्वयं पर

※

विपना:–

सम्झ त्यो झिल् झिले टोपी धेरै जीर्ण भई सक्यो
अहम्बाट लिने तुष्टि सुख वेला विति सक्यो
फिराउं अहिले आँखा लगाउँ गाउं गाउंमा
क्यॉकि चलिन देखिन्छ भेटिन्छ सब ठाउँमा

परिवर्तन चाहन्छ मान्छेले अहिले पनि
राख्तैनन् बाकी यो टोपी "झिल झिले तासका" भनी
टोपीको मोहमा हुंन धनको लाळसा लिई
प्यारा झैं देखिएका छन् सास सन्तोषको लिई

※

# श्रद्धा

खेपेर झण्झट सबै मल मूत्र खाई
राख्यौ मलाई हँसिलो सुकिलो बनाई
तिम्रै पिएं सरस दूध सुधा समान
आमा तिमी सृजनकी महिमा महान!

तिम्रै शरीर रसले तन यो बनेको
तिम्रै उदार दिलले दिल यो बनेको
माया मनोहर थियो ममता अथाह
आमा तिमी हृदयकी सरिता अथाह

त्यस्तो अपार ममतामय मूर्तिलाई
वेकारमा चुंडिलग्यो किन काल आई
बग्दोछ आज नयनाम्बु सहस्र धारा
आमा बिना घर दिशी सब छन् अध्यारा

एराम! राम! ऋषिराम भनेर डाक्ने
मेरो निमित्त कति देव र देवी भाक्ने
वात्सल्यको लहर त्यो अब फर्किदैन
जो भरियो हृदय यो अब ओभिदैन

आमा गुम्यौ जब तिमी टुहुरो भएँ म
आमा निभ्यौ जब तिमी तममा डुबें म
के अर्थ यो श्रवणको वहिरो भएँ म
के अर्थ यी नयनको अब अन्धिएँ म

आमा थियौ जब तिमी म कहाँ हराए
लागेर दूर तिर भक्ति त्यसै छुटाए
आमा गयौ जब तिमी पछुताउंदै छु
रोएर भक्ति सरिता म बगाउंदै छुं

रू रू भएर मन रून्छ बनी बिलाप
छाती फुटाली कति सम्म गरू प्रलाप
आमा बिना सकल जीबन शून्य जस्तो
यो शोकको जलधि आज अनन्त जस्तो

यी अश्रुका सजल अञ्जली आज दिन्छु
यी अश्रुका सरस तर्पण आज दिन्छु
छौ भाब शेष जननी? स्मृतिमा म राख्छु
श्रद्धा अटूट मनमा म जगाई राख्छु

※

# शहीद प्रति

अचम्म! सूर्यको ज्योति निलेको घनले थियो
नेपाली वीर्यको ज्योति निलेको तमले थियो
कालो बादल दौडन्थ्यो सूर्य जान्थे जता जता
धर्तिमा तम कुलन्थ्यो बीर हेर्थे त्यता त्यता

हरियो धर्तिको शोभा नीलो आकासको रङ्ग
भरियो महिलो छारो कालो ब्रह्माण्डमा रङ्ग
रङ्किए सूर्य तातेर फाट्यो बादल व्योमको
निरंकुशमयी कालो फाटेन तर धर्तिको

हुस्सु बादलको रूप चाहन्थ्यो लिन रातमा
विलीन तर भै जान्थ्यो सूर्यका परि तापमा
दूरदर्शी थिए आँखा बीर आत्मा सपूतका
विध्वंश गर्न चाहन्थे अपकार कुपूतका

सपूतहरूका निम्ति बने गुरु दिवाकर
दुवै लखेट्न चाहन्थे अन्धकार सरासर
फाट्यो आकाशको कालो धपक्क सूर्य चंकिदा
फाटेन तर यो कालो धर्तीमा बीर लंकदा

निरङ्कुशमयी कालो कर्तुत अरू झन् बढ्यो
नेपाली मुटुमा हाय ! वेदना तीर झैं गड्यो
सपूत बाघ झैं उफ्रे चोटलागी कठै बरा !!
कुपूत तर भागेनन् रोइन् हाय ! बसुन्धरा

मागिन् रगत धर्तिले बीर छोरा बनाउन
कालो अन्यायले थाल्यो मुटु चेही कंपाउन
बीरको बीरता देखिन् डराए पनि हुस्सुले
विकराल लियो रूप अझ गर्व घमण्डले

खुलेनन् क्रुर ती आँखा त्यसैले संझिए सब
मिलेका ती थिए वीर नेपाली मुट्ठमा सब
एउटै पुञ्जमा निस्क्यो राँको नेपाल धर्तीको
निरङ्कुशमयी हुस्सू फाट्यो नेपाल धर्तीको

राजा प्रजा सबै रोए, हाँसे आश्चर्य भै कन
संझाए वीर आत्माले मरी अमर भै कन
देखाए उनको बाटो विशाल पार्न बाँकी छ
स्वतन्त्रतामयी राँको सर्वत्र फिर बाल्नु छ

शहीद ! यो थियो तिम्रो प्रेरणा ज्योति उज्ज्वल
नेपाली चंकियौं हामी बनी दीप समुज्ज्वल
निरङ्कुशभयी हुस्सू अङ्कुशेमा पऱ्यो अनि
फागुन महिना सात गते हात पऱ्यो अनि

हे वीर वीरका छोरा देशका निम्तिमा मऱ्यौ
भई अमर धर्तीमा उज्याला भावना छऱ्यौ
धन्य हुन् जननी तिम्रो माता नेपाल धन्य छन्
भयौ अमर मर्दैनौ मरे को मर्न सक्तछन् ?

तिम्रै ज्योति छ सर्वत्र घरमा वन शैलमा
तिम्रै रगतले हामी बलेको शक्ति पुञ्जमा
बल्ने छौं कहिल्यै निभ्ने बानी छैन; निदाउने
तिम्रै सन्तति छौं हामी पनि, छैनौं डराउने

नेपालीहरूको लागी स्तुत्य छौ पूजनीय छौ
हुनेछौ विश्वमा पूज्य शहीद ! धन्य धन्य छौ
संझना वन्दना गर्छौं वीर आत्मा शहीदको
लालसा कसमा हुन्छ बाँचेर पनि मर्नुको !

मरेर बाँच्न चाहन्छन् देशका निम्तिमा जन
बाँकी नै छन् वरा ! थोका शहीद ! पुग्न लाखन
तिम्रा थोका सबै तुर्न हाम्रो मन सदा फलोस्
शहीद ! प्रेरणा आज संझनाले मिलो रहोस

अशीर्वादहरू हैनन् प्रेरणा हुन्छ सार्थक
नबनौं कहिल्यै हामी शहीद ! देश घातक

# कुन्तीको सन्देश

जूवाको जाल हालेर पठाएर बनमा शिव !
बस्यौ संकष्ट झेलेर चूप चाप सही सब
संकोच कत्ति लाग्दैन, याचना गर्दछौ सुनें
रहेछौ अति नै भीरू ए छोराहरू हो ! गुनें

लज्जाले शिर उठ्दैन छोरा कातर भै दिदा
देख्दछु सर्वदा दुष्ट पाखुरा मात्र खँचिदा
गर्नेछन् दुष्टले छोरा संझिए पछि निर्बल
ए छोराहरू हो ! तिम्रा हराए मुटुका बल

तिम्रा अङ्गमहां तातो रातो रगत छैन कि ?
धनुमा कांण भालामा तेजिलो धार छैन कि ?
बांचुला के गरी रोई भए लाचार बेसरी
मनमा खुल्दुली लाग्ला भत् भती पोल्छ बेसरी

कुम्भकर्ण बनी सुत्छौ किन यो कर्मभूमिमा
वैरीको बदला लिन्नौ आएर रणभूमिमा ?
के मैले मासुको डल्ला मात्र व्यर्थ बनाइछु ?
अथवा मुटुको रातो रक्त चिसो बनाइछु ?

व्यर्थमा याचना गर्छौ दुष्टका साथमा किन ?
लाज शर्म पचाएर भय मान्ने भयौ किन ?
नसके मान मर्यादा राख्न बांचेर सार के ?
आमा र देशको माया, ममता कति छैन के ?

रहने छैन है आमा छोरा कातर भै दिए
संझन्नौ दुष्ट पापिले कति बाधाहरू दिए ?

~

# पौरखको पथ

ह्रामी छौं किन दीन, हीन अति नै निर्वस्त्र भोका किन ?
राखेनौं सुर चाहिने असुरले सर्वस्व लागे लिन
हाम्रो नाउँ कुहिन्छ हूँ सुरबिना फुट्दै रहें आखिर
निस्कौं आज समस्त भीर पहरा उल्टाउँदै बाहिर

एक्लै गर्न सकिन्न रे ! अतिकडा निर्माणको हिम्मत
लाग्छन् लाखन लाख वर्ष मनका आशाहरू तुर्न त
थोपाबाट नदी रचिन्छ र नदी बन्छन् महासागर
आफै आफ फुटी अझै कति हुने हामी महापामर

शेखीवाल यहां भए जति सबै पाखा लगाई दिउँ
धर्तीमा जति देखिने बिषमतालाई जलाई दिउँ
बर्सेनी दिन फिर्दछन् पहरका पङ्खा फिराई कन
ताको रम्य भविष्यतर्फ दृग यो टाढा उचालीकन

लाखौं छन् हरिया पहाड वनमा खोला र नालाहरू
पोखेमा पसीना यही मिलि–जुली खुल्छन् उज्यालाहरू
पक्कै कातरका निमित्त कहिल्यै हुन्नन् सुनौला दिन
हाल्छिन् पौरखकै प्रवाह पथमा नौलो प्रभा छिन् छिन

❁

# बुद्धको उपदेश

विवेक बुद्धिका साथ गरे काम सधैं भरी
हाँसेर साथमा लाग्छे छायाँ झैं कीर्ति मन्जरी
चूटयो कुटयो, पिटयो, मार्यो बिरोध बढ्छ छिन्छिन
अशान्ति हुन्छ आगो झैं कुरा खेलाउँदा मन

जून झैं झमगाएर लाग्छ जो शुभ कामना
फूल झैं मग् मगाएर पुग्छ त्यो शुभ धाममा
परचर्चाहरू भन्दा शान्त स्वच्छ स्वयम् बनी
आत्म आलोचना गर्दा रहन्छ स्वच्छ जीवनी

तुच्छ आदतमा लाग्नु भन्दा निर्मल भै कन
बरू अत्यन्त राम्रो छ गर्नु एकान्त सेवन
शुभ कर्तव्यमा नित्य दत्त चित्त हुने मन
आमा र बाबुको भन्दा गर्छ धेरैगुना गुन

गाडेको धनको स्रोत पहिल्याई बताउने
मित्र भन्दा बढी राम्रो भिज दोष चिनाउने
हुदैन रसिलो राम्रो निरर्थ वाक्य उज्ज्वल
एउटै पद नै हुन्छ भए सार्थक कोमल

वीरमा गणना हुन्न लाखौं वैरी जिते पनि
श्रेष्ठ वीर अहो ! हुन्छ मन आफ्नै जिते पछि
अरुछौ भै जिउनु धेरै भन्दा जाँगरिलो बनी
थोरैं जिउनु नै राम्रो मनलाई चिनी गुनी

लगौंटी पहिरी पाली जगल्टा चक् चके बनी
धुली खरानी छिर्दैमा जोगी हुन्न कुनै पनि
सम्पूर्ण जीवमा माया गर्ने दान्त धर्मी बनी
हुन्छ सज्जन सन्यासी गहनै पैरिएपनि

मुखले हैन कामैले सत्य उज्ज्वल मार्गको
उपदेश दिए हुन्छ महिमा उपदेशको
अन्ध विश्वास हो वैरी विश्वास चाहि बन्धु हो
ठूलो धर्म अहिंसा नै बुद्धको प्रिय धर्म हो

×

# सम्वाद

(श्रीमद्भागवतगीताको प्रमुख प्रसङ्गको आधारमा)

परस्पर बजे बाजा नगरा, ढोल, मादल
नभमा बदली लाग्यो मनमा रण बादल
जुर्मुराई उठे सेना लिई विजय कामना
माया र ममता रोए विलाए बन्धु भावना

अर्जुन :–

अरूको भाग खोसेर अधिकार पचाउने
को को रहेछन् आएका हेरौं लड्न रुचाउने
सबका सामुमा लान ह्याक्नुहोस् कृष्ण हे ! रथ
सक्दैन कहिल्यै रोक्न मेघले सूर्यको पथ

निरीक्षण सबै गर्छु अनि सर्दछु युद्धमा
अरूको भाग खोसेर कुन टिक्तछ विश्वमा ?

श्रीकृष्ण :–

तिम्रा शत्रुहरू छुच्चा खडा छन् हेर अर्जुन !
लडे उत्साहका साथ आयो विजयको क्षण

अर्जुन :–

रहेछन् बन्धु नै आफ्ना जुटेका युद्ध भूमिमा
मेरा अङ्ग गले कृष्ण ! उठ्यो निर्वेद चित्तमा
रौं रौं सम्म भए ठाढा झिरिङ्ग अङ्ग यो भए
मुटु यो पीरले पोल्यो आँखा सागर झैं भए

सारा जोस गए कृष्ण ! खस्यो गाण्डीव हातको
छायो चक्कर बुद्धिले गयो उत्साह युद्धको
बिरोधी बन्धु नै देखि मन मेरो बिरक्तियो
अशक्त म भएँ अड्न युद्धमा कृष्ण ! के भयो

सुल्टा शकुन देखिन्नन् उल्टा शकुन देख्तछु
भलोको ठाउँमा कृष्ण ! कुभलो मात्र देख्तछु

साम्राज्य सुख चाहन्न पारेर बन्धु सोत्तर
आफन्तैहरू बाहेक युध्दार्थी अरू को छ र !
चाहिन्छ जसका लागी राज्य भोग र सम्पत्ति
ती नै बान्धवको आज युद्धमा छ उपस्थिति

आँखाका सामुमा देख्छु गुरु बन्धु पितामह
मामा काकाहरू मारी यिनलाई कहाँ सुख

दाग्ा धरून् दिऊन् बाधा बन्धुको घात गर्दिनँ
मलाई उनले मारून् कृष्ण ! साटो म फेर्दिनँ
स्वर्ग, मर्त्य र पाताल पाइए पनि लड्दिनँ
खालि यो मर्त्यका लागी किमार्थ म त लड्दिनँ

कुरू सन्तति मारेर के हुन्छ र भलो कुरा !
बन्धु बान्धवको मृत्यु मुटुमा गड्छ झैं छुरा
मनमा नलिऊँ हामी विचार रणको अब
लोकलाई रूवाएर पाउन्नौं सुख माधव !

खालि कौरव सेनाको वध हुन्न लडाइमा
हाम्रा सेना पनि धेरै मर्नेछन् रण क्षेत्रमा
जिते ता पनि यो युध्द क्षयले ठाउँ पाउँछ
ज्ञान विज्ञानको धारा रण भित्र बिलाउँछ

वंश संहार गर्दा यो दोष लाग्दछ लाखन
कुकर्मबाट पर्छौं कि अब हामी जनार्दन ?
कुल संहारको दोष पाप बन्धु – विरोधको
किन कौरव देख्दैनन् मोहमा परी भोगको

कुकर्म तिर लाग्दैनन् विद्वान कहिल्यै पनि
'सदिच्छा सर्वदा हाँसोस् नगुञ्जोस् युध्दको ध्वनि'

विनास वंशको गर्दा विनास हुन्छ धर्मको
कर्मको लोपले कालो छाया पर्छ अधर्मको
अधर्मले जसै छोप्यो वंश बिग्रन्छ तत्क्षण
कुलनारीहरू बन्छन् व्यभिचार – परायण

वर्ण शङ्करको हुन्छ सिर्जना अब वंशमा
सब खाडलमा पर्दों चीरकाल अकार्यमा
युध्दको योजना खालि खरावै पो रहेछ यो
मलाई अब चाहिन्न साम्राज्य सुख भोग यो

नमरी सुख पाइन्न नासवान छ यो जुनी
नराम्रो नतिको काम नगरौं कहिल्यै पनि
हतियार छुनै छैन नर संहार गर्न म
मलाई रिपुले मारुन् बरू हाँसेर मर्छु म

श्रीकृष्ण:–

अहो ! यो युध्दको बेला तर्सिने हो र अर्जुन !
मुर्ख कातर झैं रून्चे बनायौ मुख त्यो किन
हे बीर ! लड हासेर बनी निश्चल निर्भय
चलाउ यशको गाथा हुन्छ नै सत्यको जय

कीर्तिको कामना गर्ने बीर मर्दैन पीरले
रून्चे मुख लगाउन्न धैर्य लौ कन धीरले

भयका लहरा माथि फुल्दैन कीर्ति बल्लरी
विना समर पाइन्न प्रफुल्ल राज्य बल्लरी
हटाउ भय दौर्बल्य नपुंशक पना सब
हाँसेर रणमा पार्थ ! खडा होउ छिटै अब

फालेर तुच्छ आशङ्का डट यो कर्म भूमिमा
अगाडि धर राखेर शस्त्र हात र काँधमा

अर्जुन:–

भयले मात्र कामेको रोएको कृष्ण ! हैन म
रण सम्मुख आएर भाग्ने कातर हैन म
खालि आफन्तमा बाण प्रहार कसरी गरूँ
छिटा रगतको बोकी के गरी राज्य यो गरूँ !

विद्वान गुरु छन् मेरो भीष्म द्रोणहरू यहाँ
बाण हानेर मारेर देखाउं मुख त्यो कहाँ
विद्वानहरूको पूजा अर्चना गर्नु पर्दछ
ज्ञान विज्ञानको धारा धरामा भर्नु पर्दछ

राज्य भोग गर्नँ भोगुन् भीष्म, द्रोण र कौरव
खाउंला बरु मागेर चाहिन्न युद्ध वैभव
बन्धु संहार पारेर पाउंला के लडांइमा !
नमारुन् नमरुन् मान्छे होमिएर मराइमा

साम्राज्य सुखको लागि कृष्ण हे ! युद्ध गर्दिनँ
बन्धु बान्धव मारेर साम्राज्य भोग गर्दिनँ

श्रीकृष्ण:–

गर्छौ पार्थ! तिमी राम्रा ज्ञानवान बनी कुरा
मागेर खाउंला भन्छौ फेरि मूर्ख बनी पुरा
मागेर वीर खादैनन् अज्ञानी झैं भयौ किन !
अधिकार गुमाएर वीर ! माग्ने हुने किन !

वीरका तेजिला आँखा तेज हीन भए किन !
बिना कर्तव्य खुल्दैनन् दिलका दिव्य लोचन
रोपेर निबुवा आँप फल्दैन कहिल्यैं पनि
मुक्तभोगी हुरू भन्छन मनमा गुन यो पनि

नभोगी घर पाइन्न आई लाग्दछ जे कुरो
वीर ! साहस छोडेर ठोक्तछौ किन पुपुरो !
थियौ पैल्हे तिमी हामी छौं हामी अहिले पनि
रहने छौं तिमी हामी कल्प कल्प बिते पनि

बिचार गर सारांश आत्मा अमर नित्य छ
गर बिर्मोह भै आफ्नो भवमा जुन कृत्य छ
जे छ सत्य कुरो सोही सोचेर चल्नु पर्दछ
गर निष्काम भै आफ्नो जुन कर्तव्य गर्नु छ

नासिन्न कहिल्यै आत्मा बिनासशील देह हो
यो कुरा सत्य मानेर छोड शोक र मोह यो

भीष्म, द्रोणहरू मर्छन् लडाई नगरे पनि
मर्दैन कहिल्यै आत्मा न त यो मारिने पनि
पुछेर शोकको आँसु समाऊ शस्त्र गाण्डिव
युद्ध तत्पर छन् तिम्रा दाजु भाइ हरू सब

दुष्टका निम्तिमा पार्थ ! शोक गर्नु निरर्थ छ
ती पराशरको वाक्य स्वीकार गर्नु पर्दछ
प्रजा र देशको निम्ति सङ्घर्ष लड्नु पर्दछ
आततायी हरू छानी बध नै गर्नु पर्दछ

मऱ्य भने तिमी पुग्छौ कीर्तिका साथ स्वर्गमा
जित्यौ भने समर यो भोग्छौ साम्राज्य विश्वकै

आततायीहरूलाई नमारे पाप लाग्दछ
अन्याय मेघ माला यो हुत्याई फाल्नु पर्दछ
सह – अस्तित्वको माथ नमान्ने शत्रुको दल
सूर्यले कुइरोलाई दले झैं रणमा दल

नगरे अहिले युद्ध कर्त्तव्यच्युत बन्दछौ
गुमाई कीर्तिको झण्डा कसरी भन बाँचछौ।
मारिने छौ तिमी पार्थ ! लडाई न लडे पनि
गाड्ने छन् कीर्तिको खम्बा शत्रुले विजयी बनी

धर्म संझो तिमी पार्थ ! युद्धबाट फिरे पनि
अवश्यै शत्रुले भन्लान् "भाग्यो कातर यो" भनी
दुर्वाच्य शत्रुको सुन्दा मुटु बन्ला चिरा चिरा
ती वाग्बाणहरू सुन्दा छाती बन्ला छिया छिया

सन्देहलाई छोडेर संकल्प गर युद्धको
ज्ञानवानहरू आफ्नो छोड्दैनन् कर्म क्षेत्र त्यो
पराजित भए स्वर्ग जितेमा भोग विश्व यो
शिर ठाडो गरी पार्थ ! उठ शस्त्र समाउ त्यो

कर्ममा फल तिम्रो छ फलमा हक छैन है
छोडी अकर्मको बाटो गर निष्काम कर्म नै

अर्जुनः–

प्रशंसा कर्मको भन्दा ज्ञानको कृष्ण ! गर्नु भो
परें दोधारमा उल्टै मलाई अज्ञ भ्रान्ति भो
म मोहित भए सान्है जे गरी छुट्छ मोह यो
बताउनु पर्‍यो कृष्ण ! मित्र सम्झेर तत्व यो

श्रीकृष्णः–

मौन भै नगरे कर्म मिल्दैन खान लाउन
तब निष्कामका कर्म गर्नु पर्दछ कञ्चन
निस्वार्थ काममा लागी आत्माको पालना गर
ज्ञान प्राप्ति त्यसै हुन्छ आत्मा बन्दछ सुन्दर

काम क्रोध हरूलाई जितेर उठ अर्जुन !
ज्ञान प्राप्ति छिटै हुन्छ लगाउ कर्ममा मन !

जसले भोग ऐश्वर्य सम्झेर काम गर्दछ
स्वार्थी मानिस त्यो सोझै खाल्टोमा शीघ्र पर्दछ
फलको कामना छोडी पालना गर धर्मको
झुल्किन्छ शान्तिको ज्योति ढोका खुल्दछ मुक्तिको

सुरक्षा साधुको गर्न जन्मधारण गर्छु म
धर्मको स्थापना गर्दै दुष्टको नाश गर्छु म
गर्दछु म सधैं काम रहन्न मौन भै कन
म रहे मौन भै पार्थ ! लाग्छन् दुर्यश गाउँन

प्रल्हादलाई मैले नै जोगाएँ साधु हुन् भनी
गरें रावणको वंश–विनाश दुष्ट हुन् भनी
मेरो वस्तु स्थिति जानी काम जो गर्छ निश्छल
अनन्त शान्तिको प्राप्ति गरी त्यो हुन्छ निश्चल

अर्जुनः–

कर्म औं कर्म सन्यास दुवैमा देख्छु सम्मत
परे दोधारमा फेरि ए कृष्ण ! अज्ञ झन् मत

श्रीकृष्णः–

कर्म सन्यासको भन्दा सजिलो कर्म योग छ
तिम्रो कल्याणको बाटो लडाईबाट खुल्दछ

कर्म छोडेर सन्यास गमिलो हुन्न अर्जुन !
कर्मको फलको इच्छा बाट पर्दछ तर्सन
मनको शुद्धिका निम्ति गर्नु पर्दछ कर्मनै
सन्यासी तुल्य त्यै हुन्छ जो गर्छ कर्मयोग नै

गेरुवा कपडालाई लौरो टेकेर केवल
हिड्नै हुन्न कुनै जोगी ढोगी त्यो हुन्न निश्छल
समान भाव राखेर नछिई फल कामना
हतियार उठाएर अगाडि सर युद्धमा
ज्ञानको मुख्य आधार निष्काम कर्म गर्नु हो
नाना मार्गहरू मध्ये ठम्याउ ठीक मार्ग त्यो

अर्जुनः–

हटे शङ्काहरू सारा भएँ निर्मोह कञ्चन
म गर्छु युद्ध हासेर अब रुन्न कुनै दिन
म लिन्छु हातमा शस्त्र शत्रु सोत्तर पार्दछु
अधिकारहरू फिर्ता यथा शीघ्र गराउंछु

❀

मुद्रक : इन्दु छापाखाना, गावहाल, ललितपुर, नेपाल